पोखरा विश्वविद्यालय
परीक्षा नियन्त्रण कार्यालय
कास्की, नेपाल

चलानी नं.

मितिः- २०७६/०१/१६

# पोखरा विश्वविद्यालय
# परीक्षा नियन्त्रण कार्यालयको विज्ञप्ती

पोखरा विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालयद्वारा मिति २०७६/०१/१६ गतेदेखि सञ्चालन गरिएको Fall Semester, 2019 को Semester End (सेमेष्टर अन्त्य) परीक्षालाई लिएर मिति २०७६/०१/१५ गते अनलाइन खबरमा आएको समाचार तथा विभिन्न सामाजिक सञ्जालहरुमा पोष्ट गरिएका समाचारहरुप्रति पोखरा विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ । परीक्षा नियन्त्रण कार्यालयमा बाह्य अपरिचित व्यक्तिहरुको प्रवेश गराइएको र प्रश्नपत्र बाहिर लगेको भन्ने कुरा नितान्त झूठो, कपोल-कल्पित र भ्रामक रहेको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ । पोखरा विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालयमा आङ्गिक तथा सम्बन्धन प्राप्त विभिन्न कलेजहरुबाट शिक्षक तथा कर्मचारीहरु रजिष्ट्रेशन तथा परीक्षा फारम बुझाउने लगायत परीक्षासँग सम्बन्धित विभिन्न कार्यहरुका लागि सम्बन्धित शाखाहरुमा अनुमति लिएर जाने हुँदा उक्त विषयलाई लिएर भ्रमपुर्ण समाचार प्रकाशन गरेकोमा खेद प्रकट गर्दछौं । विश्वविद्यालयको वातावरणमा खलल पुऱ्याउनको लागि तथ्यहिन विषयहरुको आधिकारिकता पुष्टि नगरी समाचार बनाउने र विभिन्न सामाजिक सञ्जालहरुमा पोष्ट गर्नु कानुन सम्मत हुँदैन । त्यसैले सत्य-तथ्य र वास्तविकता नबुझी सूचनाको विश्वसनिय आधारलाई बेवास्ता गर्दै कहिंकतैबाट यस्ता भ्रम फैलाउने कार्यमा नलाग्न हार्दिक अपिल गर्दछौं । पोखरा विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालयबाट आज मिति २०७६/०१/१६ गतेदेखि सञ्चालन गरिएका स्नातक तहका परीक्षाहरु सबै परीक्षा केन्द्रहरुमा निर्वाध रुपमा सञ्चालन भएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ । तसर्थ यस्ता तथ्यहिन समाचार तथा सूचनाहरुको पछि नलागि पोखरा विश्वविद्यालयबाट सञ्चालन गरिएको परीक्षालाई सूचारुरुपमा सञ्चालन गर्ने कार्यमा आवश्यक सहयोगका लागि सम्पूर्ण सरोकारवाला पक्षहरुमा हार्दिक आव्हान गर्दछौं ।

Dhakaraj Pant

ढाकाराज पन्त
सह-परीक्षा नियन्त्रक

पो.ब.नं. ४२७, पोखरा लेखनाथ-३०, कास्की, नेपाल, फोनः ०६१-५०४१४६/५०४०८६, ५०४०८७
इमेलः puexam@pu.edu.np, Website: www.pu.edu.np